# कर्णालीको स्वास्थ्यमा राज्यको उपस्थिति



डा. टासी आङ्जुक लामा

हुम्ला लगायत कर्णालीका जिल्लाहरूको नाम सुन्ने बित्तिकै अभावै अभाव अनि समस्याको थलो भनेर चिनिन्छ र धेरैले त्यस्तै बुझ्छन्। यहाँका सम्पूर्ण समस्याको दोषी धेरै पक्ष छन् तर बढी राज्यको हिस्सा देखिन्छ किनकि राज्यको यसमा उपस्थिति नै अनुभव हुन्न। अरु क्षेत्रजस्तै स्वास्थ्य क्षेत्रमा पनि विकराल समस्या छन्।

समस्या अनि अभाव नहोस् पनि कसरी ? यहाँ भौगोलिक विकटताको कारण भन्दै आवश्यकता अनुसार राज्यको उपस्थिति र स्वामित्व निकै कम छ। हुम्ला लगायत कर्णालीका धेरैजसो ठाउँमा सामान्य उपचारका लागि स्वास्थ्यको सबैभन्दा तल्लो तहको निकाय स्वास्थ्य चौकीमा पुग्नलाई पनि तीन दिनसम्म हिँड्नुपर्ने अवस्था विद्यमान छ। अझ त्यस निकायको संरचना, औषधि, उपकरण र जनशक्तिको अभाव अनि अनियमितता लगायतका समस्या त भनिरहनु पर्दैन। यसमा पनि राज्यको फितलो उपस्थिति नै मुख्य कारण देखिन्छ किनकि न त यहाँ सक्रिय कडा स्वास्थ्य पद्धति छ, न स्वास्थ्यकर्मी- कर्मचारीको लागि विशेष सेवा सुविधाको व्यवस्था नै।

कर्णालीका महिला, बालबालिका, प्रसूति बेथा लागेकी महिला, अपाङ्गता भएका नागरिकहरूको सन्दर्भमा प्रत्यक्ष रूपमा संलग्न हुँदा सामान्य अनुमान गर्न सकिन्छ कि हुम्ला अनि समग्र कर्णालीको स्वास्थ्य अवस्था कुन स्थितिमा छ। २१ औं शताब्दीमा पनि एक महिलाको छालाको समस्या डाक्टरलाई नदेखाइकन कुष्ठरोग हो भनेर यति धेरै अवहेलित र घृणित हुनु पर्छ कि भनिसाध्य छैन। यसमा दोषी समाज मात्र होइन, राज्य पक्षको पनि स्वास्थ्य क्षेत्रमा भइरहेको लापरबाही देखिन्छ। नत्र, विश्वबाट कुष्ठरोग उन्मूलन हुन लागेको, देशमैं यसको औषधि उपचार निःशुल्क रूपमा पाउने व्यवस्था भएको समयमा पनि राज्यका सम्बन्धित निकाय, त्यसका कार्यकर्ताहरूले अझै यो विषयबारे यस क्षेत्रमा सचेतना फैलाएका छैनन् किन ? खासमा नागरिकमा सुचना र जानकारीको कमीले यस्तो स्थिति देखिएको हो।

धेरैजसो ठाउँमा बिरामी भएपछि पहिलो प्राथमिकता धामी झाँक्री बसालेर उपचार गर्न गरिन्छ। धामी झाँक्रीकोमा निको नभएपछि मात्र स्वास्थ्य चौकी वा अस्पतालमा ल्याइन्छ। कतिपय 'केश' ढिलो भइसकेको हुन्छ। यस्तो बेला सीमित स्रोत र साधन भएका अस्पताल र जनशक्तिलाई काम गर्न पनि सहज छैन। कर्णालीमा यस्ता समस्या धेरै छन्।

यस्तै यस्तै समस्या लिएर जिल्ला अस्पताल पुग्छन् बिरामीहरू। एक त बिरामीहरू अति सिकिस्त र जटिल अवस्थामा आइपुग्छन्, अर्कोतिर जिल्लामा भएका एकमात्र अस्पतालको आफ्नै समस्या अनि अभाव छ। जिल्लाभरिका बिरामी 'रिफर' भएर आउने जिल्ला अस्पतालमा उपचार सम्भव नहुँदा यहाँबाट भौगोलिक विकटताका कारण पनि सजिलै सुविधासम्पन्न उपचार संस्थामा 'रिफर' गर्न गाह्रो छ। जिल्ला अस्पतालमा जनशक्तिको विकराल अभाव, औषधि र उपकरणको अभाव तथा ढुवानीको चरम समस्या छन्। यस्ता कारणले अस्पतालमा हुनुपर्ने सेवा सुविधामा कमी नै हुने गरेको छ । तर पनि विगत केही समयदेखि जिल्ला अस्पतालमा परिवर्तन र विकास गर्न खोजी भइरहेको छ। र सेवालाई विस्तार गर्ने प्रयत्न भइरहेको छ। ताकि यहाँका जनमानसले थोरै भए पनि स्वास्थ्य क्षेत्रमा राज्यको उपस्थिति महसुस गरोस् र सुविधा पाएको सोच्न सकोस्।

हुम्ला जस्तो ठाउँ जहाँ यातायातको व्यवस्था छैन, त्यहाँ स्वास्थ्य क्षेत्रमा राज्यको सार्थक उपस्थितिको खाँचो छ। उपस्थिति देखाउने हो भने जिल्ला अस्पतालको सुदृढीकरण र सेवा विस्तार गर्नु बाहेक अन्य विकल्प देखिँदैन। अनि चिकित्सक र अन्य स्वास्थ्य कर्मचारीहरूको आवश्यकता अनुसार आपूर्ति, तिनलाई विशेष सेवा सुविधा, प्रोत्साहन र अवसर दिलाइनुपर्दछ। परिवर्तन र विकास गर्नको लागि यहाँ कार्यरत चिकित्सक र स्वास्थ्यकर्मी मात्र लागिपरेर सम्भव देखिँदैन। ठूलो परिवर्तनको लागि फेरि उही राज्यको सक्रिय सहभागिता र स्वामित्व चाहिन्छ अनि सरोकारवालाहरूको इच्छा शक्ति चाहिन्छ। स्वास्थ्यकर्मीको इमान्दारी उत्तिकै खाँचो छ। तब मात्र स्वास्थ्य क्षेत्रमा परिवर्तन सम्भव छ जुन स्थायी पनि हुन्छ।

**कर्णालीको स्वास्थ्य क्षेत्रमा सुधारका लागि ठूलो शहरमा बसेर ठूलठूला गफले हैन कि समस्यालाई नजिकबाट नियालेका र वस्तुस्थिति बुझेका व्यक्तिको उपस्थितिमा घनीभूत छलफल गरी धरातलीय नीति तथा कार्ययोजना बनाउनु आवश्यक छ।**

अहिले सङ्घीय संरचनामा राज्यको अधिकार तीन तहमा बाँडिएको छ। यो कानुनद्वारा प्राप्त अधिकारलाई जथाभावी राज्यको स्रोत साधन परिचालन र प्रयोग गर्नु मात्र नठानी पूर्ण रूपले कर्तव्य, जिम्मेवारी र जवाफदेही बोध गरेर लाग्ने हो भने हुम्लालगायत कर्णाली जस्तो ठाउँमा राज्यको न्यायपूर्ण उपस्थिति गराउन सकिन्छ। यहाँका निमुखा र न्यून आयस्रोत भएका सेवाग्राहीहरूले सेवा पाउन सक्छन्। तर अहिले प्राप्त अधिकार यसरी परिचालन भएको देखिँदैन। विगत एक वर्षको अनुभवमा यहाँ कसैलाई केही मतलब नै छैन जस्तो देखिन्छ। न यहाँका सरोकारवाला न त राजनीतिक दल, अझै मनौं स्थानीय नागरिक समाजले पनि जति भूमिका खेल्नु पर्ने हो त्यो हुन सकेको देखिँदैन। इच्छा शक्ति र राम्रो स्वास्थ्य पद्धतिको अभावमा कर्णालीको स्वास्थ्य स्थिति गुज्रिरहेको छ। यो हिजो र आजको पनि वास्तविकता हो।

जतिसुकै समृद्धिको भ्याली पिटे तापनि समस्यालाई प्राथमिकता अनुसार छुट्याएर वर्गीकरण र कार्यान्वयन नगर्ने हो भने परिवर्तन सम्भव देखिँदैन। प्रदेश तथा स्थानीय सरकारले स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी लगानी बढाउँदै लैजानु आवश्यक छ र गर्नु पनि पर्छ। घरघरमा बाटो पुऱ्याउने सोच बनाउनुका साथै सम्पूर्ण जनतालाई राम्रो स्वास्थ्य सेवा प्रदान गर्ने सोच र योजना आवश्यक छ।

कर्णालीको स्वास्थ्य स्थितिको परिवर्तन र विकास चाहेको हो भने हरेक जिल्लाको लागि विशेष अनि फरक किसिमको नीति तथा कार्य योजना बनाउन आवश्यक छ। जहाँ यातायातको सुविधाको व्यवस्था छैन, त्यहाँ विशेष जोड दिनु आवश्यक छ। देशमा जतिसुकै संरचना परिवर्तन भए पनि स्वास्थ्य क्षेत्र एक अति संवेदनशील क्षेत्र भएकोले यसलाई अरु क्षेत्रजस्तो द्विविधामा राखेर हैन कि संवेदनशील तरिकाले व्यवस्था गर्नु पर्दछ ताकि दुर्गमका जनताले निरन्तर सेवा पाओस्।

कर्णालीको स्वास्थ्य क्षेत्रमा सुधारका लागि ठूलो शहरमा बसेर ठूलठूला गफले हैन कि समस्यालाई नजिकबाट नियालेका र वस्तुस्थिति बुझेका व्यक्तिहरूको उपस्थितिमा घनीभूत छलफल गरी धरातलीय नीति तथा कार्ययोजना बनाउनु आवश्यक छ। यसबाट विकट कर्णाली क्षेत्रको स्वास्थ्य क्षेत्रमा केही छलाङ मार्न र जनताले सेवानुभूति गर्न पाउने छन्। त्यसपछि मात्र राज्यको सक्रिय उपस्थिति पनि देखिनेछ। नत्र काठमाडौं तथा शहर केन्द्रित निकायले बनाएको नीति र प्रदेश तथा स्थानीय तहबाट बनाएको नीतिमा कुनै फरक हुने छैन र फेरि कर्णालीको स्वास्थ्य क्षेत्रमा कुनै सिन्को भाँचिने छैन। कर्णालीका जनताका लागि स्वास्थ्य क्षेत्रको लगानी बालुवामा पानी बराबर हुनेछ। सम्पूर्ण सरोकारवालाहरू एक आपसमा हातेमालो गर्दै दृढ इच्छाशक्तिका साथ अगाडि बढ्ने हो र राज्यको बलियो उपस्थिति बनाउने हो भने कर्णालीको स्वास्थ्य स्थितिमा साँच्चिकै सुधार सम्भव छ। यसका लागि स्थान र भूगोल सुहाउँदो कार्यक्रम र त्यही अनुसारको बजेट, दक्ष र दुर्गममा खट्न सक्ने जनशक्ति र तिनलाई विशेष सुविधा, अवसर उपलब्ध हुनु आवश्यक छ। ■

wanchukt@gmail.com